जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल
(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२
चलानी नं. :- ४९६२

मिति:- २०८१/१२/११

श्री संस्थागत विद्यालय सबै,
जनकपुरधाम उप.महा.न.पा.।

विषय:- परिपत्र ।

प्रस्तुत विषयमा संस्थागत विद्यालय मापदण्ड तथा संचालन निर्देशिका २०६९ (संशोधन सहित) मा व्यवस्था भए अनुसार विद्यालयहरु आफैले पाठ्यपुस्तक तथा स्टेशनरी बिक्री गर्न नपाउने, विद्यालयबाट निर्धारित ड्रेस कोडको नमुना विद्यार्थीहरुलाई उपलब्ध गराउनुपर्ने र विद्यालयले तोकेको स्थानमा पोशाक खरिद गर्न विद्यालयहरुलाई बाध्य नगराउने भन्ने व्यवस्था रहेको व्यहोरा सबैलाई अवगतै छ ।यति हुँदाहुदै पनि कतिपय विद्यालयहरुले विद्यार्थी तथा अभिभावकहरुलाई विद्यालयबाट नै पाठ्यपुस्तक स्टेशनरी तथा पोशाक खरिद गर्न बाध्य पार्ने गरेको भन्ने नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाबाट पालिकामा गुनासो आएको हुँदा सम्बन्धित सबै विद्यालयहरुले अनिवार्य रुपमा राष्ट्रिय पाठ्यक्रम परिषद/पाठ्यपुस्तक विकास केन्द्र द्वारा प्राप्त स्वीकृत तथा सूचीकृत पाठ्यपुस्तकहरु शै.स.२०८२ मा विद्यालयमा लागु हुने पाठ्यपुस्तकहरुको नामावली ७(सात) दिन भित्र पेश गर्न हुन निर्देशिका बमोजिम गर्न गराउनु हुन अनुरोध गरिन्छ र यदि नियम उल्लघंन भए गरेको पाइएमा कानुन बमोजिम आवश्यक कारवाही गरिने र सो को जवाफदेही सम्बन्धित संस्थापक तथा प्रिन्सिपल नै हुनुपर्ने व्यहोरा जानकारीको लागि अनुरोध गरिएकोमा हाल सम्म पनि विद्यालयहरुबाट पाठ्यपुस्तकको नामावली पेश नभएकोले सबै संस्थागत विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्र द्वारा स्वीकृत पाठ्यपुस्तकहरुमा एकरुपता कायम गर्न यस पालिका अन्तर्गत रहेको संस्थागत विद्यालय युनियन सँग सम्बद्ध संस्थाहरु प्यावसन, एन प्यावसन, मधेश प्यावसन र नेपाल प्यावसन जनकपुरधामले आवश्यक पहल गरी पाठ्यपुस्तकहरुको नामावली पेश गर्न पुन: ७(सात) दिनको म्याद थप गरिएकोले उक्त अवधि भित्र पाठ्यपुस्तकहरुको नामावली पेश गर्न हुन अनुरोध छ ।

(धीरेन्द्र लाल कर्ण)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा
अधिकृत आठौं तह
Chief Education Officer

**बोधार्थ:**
श्री प्यावसन जनकपुरधाम ।
श्री एन प्यावसन जनकपुरधाम।
श्री मधेश प्यावसन जनकपुरधाम।
श्री नेपाल प्यावसन जनकपुरधाम ।



CamScanner